
# मोहः अज्ञानता



- भिक्षु संघरक्षित स्थविर

Downloaded from http://dhamma.digital

# मोहः अज्ञानता

सत्यसन्देश प्रचार ... ११४

धम्मसाकच्छा सं... ०४




भिक्षु संघरक्षित स्थविर

Downloaded from http://dhamma.digital

**प्रकाशक:**

सत्यसन्देश प्रचारक प्रकाशन, काठमाडौ

आनन्द भुवन विहार, भुइखेल-१५, स्वयम्भू

**Email:** sangharakshit1000@gmail.com

nepaldhammabook@yahoo.com

**Website:** www.amritopadesh.com

**Facebook:** Nepal Dhamma Book

**Phone:** 4671623/ 9851160560/ 9813602799

धम्मसाकच्छा संघ पुस्तिकामाला-४

शुमंगल समुह, हखा द्वारा धर्मदान ।

**सहयोगीहरू:** संघमित्रा उपासिका, कुलमान शाक्य

**कम्प्यूटर/ले-आउट:** सत्यसन्देश डेस्क (सन्जु महर्जन)

**कभर डिजाइनर:** भिक्षु संघरक्षित

**आर्ट स्रोत:** बुद्ध जीवन चित्रावली (विपश्यना विशोधन विन्यास, इगतपुरी)

**प्रकाशन:** बु.सं. २५५७, वि.सं. २०७०

ने.सं. ११३४, इ.सं. २०१३

**प्रथम संस्करण:** १००० प्रति ।

**मूल्य:** धर्मदान

**मुद्रण:** एस.पि. प्रिन्टिंग हाउस, काठमाडौं ।

ISBN: 978-9937-617-10-9

Dhamma.Digital

Downloaded from http://dhamma.digital

# मोह: अज्ञानता



**पृष्ठभूमि:**

यो मानव जीवन प्राणीमध्येमा सर्वश्रेष्ठ छ, अमूल्य छ अनि दुर्लभ छ। यस्तो सर्वश्रेष्ठ जीवनमा चिन्तन मनन गर्ने शक्ति, विवेकबुद्धि र प्रज्ञाले जीवन यापन गर्न सकेमा सफल र सार्थक अवश्यम्भावी हुनेछ, अन्यथा पशुसमान खानपिन गर्ने, बाँच्नको लागि संघर्ष गर्ने, सन्तान उत्पादन गर्ने र मर्नेमै सीमित भइरहने हुन्छ।



Downloaded from http://dhamma.digital

जीवनलाई सर्वश्रेष्ठ र उत्कृष्ट बनाउनका लागि मोह-अज्ञानतालाई हटाई प्रज्ञा अभिबृद्धि गर्नु अत्यावश्यक हुन्छ।

## परिचयः

मनभित्र लुकिराख्ने अनि दुःखचक्रको मूल कारण भनेकै राग, द्वेष र मोहरूपी क्लेश हो। राग भनेको आशक्तता हो, द्वेष भनेको रिस-क्रोध हो, मोह भनेको अज्ञानता हो।

सही कुरालाई नजान्नु, नबुझ्नु मोह हो। राम्रोलाई राम्रो र नराम्रोलाई नराम्रो भनेर जान्न नसक्नु मोह हो। राम्रोले राम्रो प्रतिफल दिन्छ र नराम्रोले नराम्रै परिणाम भोग्नु पर्दछ भनेर नजान्नु मोह हो। पापलाई पाप भनेर नजान्नु, पापबाट अलग्ग हुन नसक्नु तथा धर्मलाई धर्म भनेर नजान्नु, धर्ममा अघि बढ्न नसक्नु मोह हो।

मोह भन्नाले अज्ञानता हो, मूर्खता हो, अविद्या हो। यसैको कारणले मानिसहरू अनेक अनगिन्ती नराम्रा अकुशल पापकर्ममा टाँसिएर लागिरहेका हुन्छन्, त्यसैमा फँसिएर मज्जा र रमाइलो मानिरहेका हुन्छन्, अनि जन्म-जन्मान्तरको लागि दुःखचक्रको ठोस स्वरूप निर्माण



Downloaded from http://dhamma.digital

गरिरहेको हुन्छ । यसर्थ, मोह भनेको दुःखचक्रमा जकडिने प्रमुख क्लेश हो, मनको मैलरूपी आश्रव हो ।

मोहलाई हटाउनका लागि ध्यान भावना गर्नुपर्छ, स्मृति बढाउनु पर्छ, यथार्थतालाई बोध गरी प्रज्ञा जगाउनुपर्छ । मोह-अज्ञानताबाट प्रज्ञा जगाउन सके दुःखचक्रको निर्माण हुन पाउँदैन अनि संसार दुःखबाट समेत मुक्त हुन सकिन्छ ।

भगवान् बुद्धले श्रावस्तीको जेतवन विहारमा रहनुहुँदा लालुदायी थेरको कारणले गाथाद्वारा यसरी पनि उपदेश दिनुभएको छ-

**अप्पस्सुतायं पुरिसो, बलिबद्धोव जीरति ।**

**मंसानि तस्स वड्ढन्ति, पञ्ञा तस्स न वड्ढति ॥**

अर्थात्– अज्ञानि मानिस गोरूझैं बढ्छ । उसको मासु मात्र बढ्छ, प्रज्ञा भने बढ्दैन । (**धम्मपद, गाथा नं. १५२**)

## मोह: अज्ञानता

सही र गलत छुट्याउन नसक्नु, पाप र धर्म नजान्नु मोह-अज्ञानता हो । पापको स्वभावलाई नजान्नु,



Downloaded from http://dhamma.digital

पापको मूल जडलाई थाहा नपाउनु, पापले यो जीवन र पछिको जीवनमा पनि दुःख-पीडा दिने कुरालाई जान्न नसक्नु, पापबाट अलग्ग हुनुपर्छ भन्ने नजान्नु, पापबाट मुक्त हुने बाटो थाहा नपाउनु जस्ता अवस्थालाई मोह-अज्ञानता भनिन्छ।

भनिएको पनि छ, अज्ञानता भनेको त्यस्तो रात हो, जुन समय आकाशमा तारा पनि हुँदैन, चन्द्रमा पनि हुँदैन र टाढा टाढासम्म कुनै बिजुली-बत्ती आदि उज्यालो पनि हुँदैन। त्यस्तो धुम्प अँध्यारोमा केही देख्न सक्दैन, केही छुट्याउन सक्दैन।

ठिक त्यस्तै अँध्यारो अवस्था हो अज्ञानता। अज्ञानताले केही पनि राम्रो-नराम्रो जान्न सक्दैन, राम्रोमा लागि नराम्रोबाट टाढिन सक्दैन, दुःख हुने कुराबाट अलग्ग भई सुख हुने बाटोमा लाग्न सक्दैन।

मोह-अज्ञानताले जीवनमा धेरैभन्दा धेरै दुःख दिन्छ, पीडा दिन्छ, आफू र आफ्ना वरपरका प्रिय मानिसहरूलाई पनि दुःख र पीडा हुने काम गर्दछ।

आफूसँग परिवार-आफन्त छ, धन छ भनी मूर्ख



Downloaded from http://dhamma.digital

अज्ञानीहरूमात्र अहंकारी अभिमानी हुने कुरा भगवान् बुद्धले गाथाद्वारा यसरी उपदेश दिनुभएको छ–

**पुत्ताम'त्थि धनमत्थि, इति बालो विहञ्ञति।**

**अत्ताहि अत्तनो नत्थि, कुतो पुत्ता कुतो धनं॥**

अर्थात्- मेरो छोरा छ, धन छ भनी अज्ञानीहरू चिन्तित हुन्छन्। आफ्नो शरीर नै आफूले भने जस्तो छैन भने छोरा भएर के, धन भएर के ? (**धम्मपद, गाथा नं. ६२**)

मोह-अज्ञानतामा फँसिएर सयौं वर्ष जिउनु, त्यो राम्रो होइन। सय वर्षको अन्तरालमा त्यो व्यक्तिले धेरैभन्दा धेरै नै नराम्रो अकुशल पापकर्महरू थुपार्ने हुन्छ, जसले गर्दा यो जीवनमा मात्र होइन, जन्म-जन्मान्तरसम्म पनि दुर्गतिगामी, नर्कभोगी र दुःखी बनाइदिन्छ।

तसर्थ, सही र उत्तम धर्म नजानेर सय वर्ष बाँच्नुभन्दा सही र उत्तम धर्म जानेर बुझेर त्यसलाई व्यवहारमा पालन गरी एकै दिन बाँच्नु नै श्रेष्ठ र उत्तम हुने कुरा भगवान् बुद्धले बताउनु भएको छ। भगवान् बुद्धको उक्त उपदेश धम्मपद ग्रन्थको सहस्सवग्गमा गाथाद्वारा यसरी आएको छ–



Downloaded from http://dhamma.digital

**यो च वस्ससतं जीवे, अपस्सं धम्ममुत्तमं।**

**एकाहं जीवितं सेय्यो, पस्सतो धम्ममुत्तमं॥**

अर्थात्- उत्तम धर्म नजानेर सय वर्ष जिउनुभन्दा उत्तम धर्म जानेर एकै दिन जिउनु बेस हुन्छ। (**धम्मपद, गाथा नं. ११५**)

## सम्यक्‌दृष्टि

मोह-अज्ञानतालाई नाश गरी विद्या र प्रज्ञा उत्पन्न गर्नुपर्छ, मिथ्यादृष्टि हटाई सम्यक्‌दृष्टि उत्पन्न गर्नुपर्छ। यही नै जीवन सुख-शान्तमय हुने मूल कारण हो।

चार आर्यसत्य धर्मलाई यथार्थरूपमा जान्नु, अनित्य, दुःख र अनात्म स्वभावलाई अवबोध गर्नु सम्यक्‌दृष्टि हो। मज्झिमनिकायको सम्मादिट्ठि सुत्तअनुसार, जब आर्यश्रावकले अकुशललाई चिन्दछ, अकुशलको मूल कारणलाई चिन्दछ, कुशललाई चिन्दछ, कुशलको मूल कारणलाई चिन्दछ, तब उसमा सम्यक्‌दृष्टि हुन्छ वा सोझो दृष्टि हुन्छ।

बौद्ध वाङ्मयअनुसार यी पाँच विषयहरूमा ठीक



Downloaded from http://dhamma.digital

धारणा हुनुलाई सम्यक्‌दृष्टि मानिन्छ-

१. **कर्मसकता सम्यक्‌दृष्टि-** कर्म र कर्मफलप्रति ठीक धारणा हुनु,

२. **ध्यान सम्यक्‌दृष्टि-** ध्यानको महत्वबारे ठीक धारणा हुनु,

३. **विपस्सना सम्यक्‌दृष्टि-** अनित्यता र यथाबोध बारे ठीक धारणा हुनु,

४. **मार्ग सम्यक्‌दृष्टि-** क्लेशनिर्मूल पार्ने मार्गबारे ठीक धारणा हुनु,

५. **फल सम्यक्‌दृष्टि-** निर्वाणको महत्वबारे ठीक धारणा हुनु ।

## दसवत्थुक सम्मादिट्ठि

सम्यक्‌दृष्टि अन्तर्गत १० प्रकारका कुराहरू पनि आउने गरेको कुरा बौद्ध वाङ्मयमा उल्लेख भएका छन्, जुनलाई दसवत्थुक सम्मादिट्ठि भनिन्छ। यसअनुसार १० वटा कुराहरूमा पनि सम्यक्‌दृष्टि हुनुपर्ने कुरा स्पष्ट हुन्छ, जुन कुरालाई ग्रन्थमा यसरी उल्लेख गरिएको छ- ,



Downloaded from http://dhamma.digital

(**मग्गङ्ग दीपनी** (अनु. नानीमैंया मानन्धर), पृ. ४)

१) **अत्थि दिन्नं** अर्थात् दान दिएको कर्म र विपाक अवश्य छ,

२) **अत्थि यिट्ठं** अर्थात् निश्चय नै महान् दानको कर्म र विपाक छ,

३) **अत्थि हुतं** अर्थात् निश्चय नै थोरै दानको कर्म विपाक छ,

४) **अत्थि सुकतदुक्कटानं कम्मानं फलं विपाको** अर्थात् निश्चय नै कुशल-अकुशल कर्मका फल र विपाक छन्,

५) **अत्थि माता** अर्थात् माताप्रति असल र खराब (राम्रो र नराम्रो) गरिएको कर्मको फल र विपाक अवश्य छ,

६) **अत्थि पिता** अर्थात् पिताप्रति असल र खराब गरिएको कर्मको फल र विपाक अवश्य छ,

७) **अत्थि सत्ता ओपपातिका** अर्थात् बिना योनी त्यसै जन्मने प्राणी अवश्य छन्। जस्तैः प्रेत, देव, शक्र र ब्रह्मा।

८) **अत्थि अयं लोको** अर्थात् निश्चयनै हाम्रा आँखाले देखिने यो संसार छ,



Downloaded from http://dhamma.digital

९) **अत्थि परो लोको** अर्थात् निश्चयनै अर्को संसार वा परलोक छ, जहाँ मृत्युपछि उत्पन्न हुने गर्दछ,

१०) **अत्थि लोके समणब्राह्मणा समग्गता सम्मापटिपन्ना ये इमञ्च लोकं परञ्च लोक सयं अभिञा सच्छिकत्वा पवेदेन्ति** अर्थात् निश्चयनै यस मानव संसारमा सर्वज्ञ बुद्ध, श्रमण र ब्राह्मणहरू छन्, जो मानसिक शान्तिको अवस्थामा पुगिसकेका छन् र जसले राम्ररी आचरण गरिसकेका हुन्छन्। उनीहरूले यस संसारलाई मात्र नभई अर्को संसारलाई समेत स्वयं विशिष्ट ज्ञानद्वारा साक्षात्कार गरी देखी, बुझी अरूहरूलाई पनि प्रकाश पारिदिन्छन्।

## जीवनको लागि चाहिने ज्ञान

मोह-अज्ञानतालाई निर्मूल गरी ज्ञान-प्रज्ञा उत्पन्न गर्नु अत्यावश्यक हुन्छ। यसको लागि धेरै कुराहरू जान्नु-बुझ्नु जरूरी हुन्छ। विशेषतः हाम्रो जीवनको लागि चाहिने पाँचवटा कुराहरू पनि थाहा पाइराख्नु अत्यावश्यक हुन्छ, जुनलाई सम्यक्आजीविका पनि भनिन्छ। बुद्धोपदेशित ती पाँचवटा कुराहरू यसरी रहेका छन्-



Downloaded from http://dhamma.digital

१) काटमार गर्ने शस्त्र-अस्त्र बनाई वा बनाउन लगाई त्यसको क्रय-विक्रय गर्नु र गर्न लगाउनु हुन्न।

२. सत्त्वप्राणीहरू विशेषतः मानिसहरू क्रय-विक्रय गर्नु र गराउनु हुन्न।

३) हिंसा गर्न वा हिंसा गरी मासु क्रय-विक्रय गर्नु वा गराउनु हुन्न।

४) अम्मल लाग्ने कुनै पनि मादकपदार्थहरू क्रय-विक्रय गर्नु र गराउनु हुन्न।

५) कुनै प्रकारको विषालु पदार्थ बनाई वा बनाउन लगाई त्यसको क्रय-विक्रय गर्नु र गराउनु हुन्न।

## जीवनकै ठूलो पापः पञ्चमहापाप

जीवनमा अरू पापहरू गरे त्यसबाट मुक्त हुन सकिन्छ, दुःखमुक्ति निर्वाण पनि प्राप्त गर्न सकिन्छ तर पञ्चमहापापमध्ये कुनै एकमात्र पाप गरे पनि त्यसबाट कुनै पनि हालतमा छुट्कारा पाउन सकिँदैन। यसर्थ, पञ्चमहापापलाई जीवनकै ठूलो पापको रूपमा लिइन्छ। बुद्धले बताउनुभएका ती पञ्चमहापापहरू यसरी रहेका छन्-



Downloaded from http://dhamma.digital

१. आफ्नो जन्मदाता आमाको हत्या गर्नु,

२. आफ्नो जन्मदाता बाबुको हत्या गर्नु,

३. अर्हत्‌फलमा पुगिसकेका व्यक्तिको हत्या गर्नु,

४. भगवान् बुद्धको शरीरबाट रगत बगाउनु,

५. संघ-भेद गर्नु।

## प्रारम्भिक उपदेशरूपी आनुपूर्विकथा

मोह-अज्ञानतालाई हटाउनका लागि, यथार्थ ज्ञान र विशेष प्रज्ञा उत्पन्न गराउनका लागि भगवान् बुद्धले क्रमिक, प्रणालिबद्ध र व्यवस्थित रूपमा प्रारम्भिक उपदेशरूपी शिक्षा दिनुहुन्छ, जुनलाई आनुपूर्विकथा भनिन्छ। आनुपूर्विकथा भन्नाले यी हुन्-

१) **दान** सम्बन्धी कथा,

२) **शील** सम्बन्धी कथा,

३) **स्वर्ग** (सुगति) सम्बन्धी कथा,

४) **कामानं आदिनवो** (पञ्चकाम वा इन्द्रिय भोगको दोष देखाइदिने) सम्बन्धी कथा,



Downloaded from http://dhamma.digital

५) **ओकारो** (पञ्चकामको परिणाम भन्ने) सम्बन्धी कथा,

६) **संकिलेसो** (क्लेशबारे भन्ने) सम्बन्धी कथा,

७) **नेक्खम्मे आनिसंस** (नैष्क्रम्य बारे भन्ने) सम्बन्धी कथा।

## अज्ञानतारहित विशेष ज्ञानयुक्त बुद्ध

भगवान् बुद्धले अज्ञानतालाई हटाउनुभयो, सही ज्ञान प्राप्त गर्नुभयो, तसर्थ उहाँ दुःखमुक्त हुनुभयो, लोकमा बुद्धको रूपले चिनिनुभयो। विशेषतः उहाँले प्राप्त गर्नुभएको ज्ञानलाई बोधिज्ञान भनिन्छ। बौद्ध वाङ्मयमा उक्त बोधिज्ञानलाई यसरी ३ भागमा देखाइएको छ-

१) **पूर्वानुस्मृति ज्ञान** अर्थात् पूर्वजन्मका कुराहरू सविस्तर रूपमा थाहा भएर आउने ज्ञान,

२) **च्युत्योत्पत्ति ज्ञान** अर्थात् उत्पत्ति र विनाश अर्थात् जन्म र मरणको ज्ञान, र

३) **आस्रवक्षय ज्ञान** अर्थात् मनभित्रको सम्पूर्ण



Downloaded from http://dhamma.digital

क्लेश नाश भएको अर्हत्मार्ग ज्ञान। यसलाई प्रतित्यसमुत्पाद ज्ञान पनि भनिन्छ।

## संसारमा जान्ने-बुझ्नेहरू कमै मात्र

एक समय भगवान् बुद्धले आफ्नो नंगमा थोरै धूलो लिनुभएर भिक्षुहरूलाई सोध्नुभएको थियो- हे भिक्षुहरू ! यो मेरो नंगमा रहेको धूलो धेरै छ कि यो पृथ्वीमा धेरै धूलो छ ?

त्यसबेला भिक्षुहरूले सजिलै जवाफ दिन्छन्- भो भगवन् ! सारा पृथ्वी नै धूलै धूलोले भरिएको छ। तसर्थ, पृथ्वीमा नै धेरै धूलो रहेको हुन्छ। त्यसको तुलनामा तपाईंको नंगमा रहेको धूलो धेरै नै न्यून, गौण र कम मात्र छ।

त्यसबेला भगवान् बुद्धले स्पष्ट पार्नुहुँदै भन्नुभयो-

हे भिक्षुहरू ! जसरी मेरो नंगमा रहेको धूलो कम छ, त्यसरी नै यो संसारमा सही कुरा जान्ने-बुझ्नेहरू कमै मात्र छन्, नजान्ने नबुझ्नेहरू पृथ्वीमा रहेको धूलोसरी अत्यधिक धेरै छन्।

जसरी मेरो नंगमा रहेको धूलो गौण मात्र छ,



Downloaded from http://dhamma.digital

त्यसरी नै यो संसारमा राम्रो कुरालाई जानेर व्यवहारमा पालन गर्नेहरू गौणमात्र छन्, नराम्रो गर्नेहरू पृथ्वीमा रहेको धूलोसरी अत्यधिक धेरै छन् ।

जसरी मेरो नंगमा रहेको धूलो न्यून मात्र छ, त्यसरी नै यो संसारमा राम्रोलाई पालन गरेर सुखी हुने, राम्रो सुगतिमा जानेहरू न्यूनमात्र छन्, नराम्रो गरेर दुःखी हुने, नराम्रो दुर्गतिमा जानेहरू पृथ्वीमा रहेको धूलोसरी नै धेरै छन् ।

## सारांश

सारांशमा भन्नुपर्दा, मोह भनेको अज्ञानता हो, मूर्खता र अविद्या हो । लाटा, बहुलाहाले यथार्थ थाहा नपाउनेभैं सही र गलत, पाप र धर्म छुट्याउन नसक्नु नै मोह हो । मोहलाई हटाउनका लागि ध्यान भावना गर्नुपर्ने, स्मृति-होश राखी प्रज्ञा जगाउनु पर्ने हुन्छ । यसबाट मोहरूपी क्लेश नाश हुनसक्छ । राग, द्वेषसरी मोहरूपी क्लेशबाट मुक्त हुन सके जीवन सुखी र शान्तिपूर्ण हुने कुरामा दुई मत छैन ।



Downloaded from http://dhamma.digital

## ात्यसन्देश प्रचारका प्रकाशन अन्तगत



वि.सं. २०७० को यो वर्ष बुद्धशिक्षा प्रचार प्रसार हेतु
धम्मसाकच्छा संघले यी चारवटा स-साना पुस्तिकाहरू
प्रकाशन गरी निःशुल्क वितरण गर्ने भएको छ ।

ुशिक्षा प्रचार प्रसारका महत्वपूर्ण यस्ता पुस्तिकाहरूला
ुना पूर्वजहरूको पुण्यस्मृतिमा, आफन्तहरूको शुभदिन
अथवा विभिन्न अवसर पारेर व्यक्तिगत, समूहगत वा
थागत रूपमा धर्मदान गर्नको लागि सदैव सम्झनुहोस्

येक पुस्तिका हजार प्रति निकाली धर्मदान गर्नको लागि
, चार हजार मात्र लाग्ने छ र दान सहयोगीहरूको नाम
पुस्तिकामा प्रकाशन गरिने छ ।

पुस्तिका धर्मदान गर्नेः

**धम्मसाकच्छा संघ**
हःखा टोल, ललितपुर, नेपाल ।
Email: dhamma-sak@yahoo.com

ISBN 978-9937-617
9 789937 61710

Downloaded from http://dhamma.digital